# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम

कोशी प्रदेश, नेपाल

पत्र संख्या - ०८१।०८२

च.नं.

---

## सेवा करारमा लिने सम्बन्धी सूचना ।

**पहिलो पटक प्रकाशित मिति २०८१।११।२६**

चुलाचुली गाउँ कार्यपालिकाको निर्णयअनुसार तपशिलको संख्या र योग्यता भएको कर्मचारी करारमा भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र माग बमोजिमको विवरण र यस गाउँपालिकाको राजश्व शाखामा तिरेको रसिद सहित दरखास्त फारम भरी दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३।२०८१।०८२ | हलुका सवारी चालक (एम्बुलेन्स) | श्रेणी विहिन | १(एक) | ६ नं वडा अन्तर्गतको कार्य जिम्मेवारी रहने |

१. योग्यताः सवारी चालकको रुपमा न्यूनतम ५(पाँच) बर्षको अनुभव प्राप्त गरि प्राथमिक उपचारको तालिम प्राप्त गरेको हुनुपर्दछ ।

२. आवश्यक काजगातः व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, विदेशको विश्वविद्यालयबाट जारी गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र भएमा नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण पत्र, कार्य अनुभवको प्रमाणपत्रहरु स्वयम् उम्मेद्वारले दस्तखत गरेर प्रमाणित गरि पेश गर्नु पर्नेछ ।

३. कार्य विवरणः चुलाचुली गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७९ तथा कार्यालयको आवश्यकतानुसार ।

४. छनौट सम्बन्धी व्यवस्थाः **प्रदेश लोकसेवा आयोग कोशी प्रदेशद्वारा जारी गरिएको हलुका सवारी चालक छनौट सम्बन्धी कार्यविधि २०७८** बमोजिम हुनेछ ।

५. दरखास्त दिने अन्तिम मितिः २०८१/१२/०३ गते कार्यालय समयभित्र ।

६. परिक्षा दस्तुरः रु ४०० (चार सय) मात्र ।

७. तलबः नियमानुसार ।

८. उमेरः पुरुषको हकमा २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको तथा महिलाको हकमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्नेछ।

९. परिक्षा मितिः संक्षिप्त सूचीमा पर्न सफल उम्मेद्वारहरुलाई बाँकी परिक्षाका लागी संक्षिप्त सूची प्रकाशन गर्दा परिक्षाको मिति, समय तथा स्थान समेत प्रकाशन गरिनेछ ।

१०. करार अवधिः नियमानुसार ।

११. दरखास्त फाराम तथा अन्य थप जानकारीका लागि गाउँपालिकाको website: https://chulachulimun.gov.np मा हेर्न वा यस गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

२०८१/११/२६

कुमार लिम्बु

प्रशासकीय अधिकृत

---